# सातौं गाउँसभाको बैठकमा २०७७ असार १० गते दाबुटी शेर्पाले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७७/०७८ को बजेट वक्तव्य

भोटेकोशी गाउँपालिका

फुल्पिङकट्टी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

१.१ परिचय

सभाध्यक्ष महोदय,

संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन प्रणाली अवलम्वन पश्चातको यस भोटेकोशी गाउपालिकाको चौथो वार्षीक बजेट तथा कार्यक्रम अर्थात आगामी आर्थिक वर्ष २०७७/०७८ बजेट प्रस्तुत गर्न यस विद्यमान परिश्थितिमा नीति कार्यक्रम तथा बजेट तर्जुमा समितिको संयोजकको हैसियतले यस गरिमामय सभा समक्ष उपस्थित भएको छु । यस घडीमा लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि पटक पटक भएको आन्दोलनहरुमा जीवन पर्यन्त संघर्ष गर्नुहुने दिवङ्गत सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धासुमन प्रकट गर्न चाहान्छु । मूलुकमा रहेको विभेद र वहिष्करणको अन्त्यका लागि त्याग र नेतृत्व गर्नुहुने आदरणीय अग्रज राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

विगत ३ बर्षको जनप्रतिनिधि, कर्मचारी र स्थानीय नागरिकको अथक प्रयास बाट हासील भएको भोटेकोशी गाउँपालिकाको विकास र समृद्धिको यात्रामा कोरोना भाइरस (कोभिड-१९) को कारण धक्का लागेको छ ।यसर्थ कोभिड-१९ को सामना गर्दै विकासलाई तिब्रता दिन सबै जनप्रतिनिधिको काधमा जटिल चुनौती थपिएको छ । कोरोना सँग डटेर विकासलाई गति दिन सकिन्छ भन्ने उर्जा सहितको आत्मविश्वास भोटेकोशी गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिमा हुन आवश्यक रहेको छ ।२०७२ सालको भुकम्प र २०७३ सालको भोटकोशी बाढी जस्ता विपद्को सामना गरी समृद्धीको मार्ग तय गर्दै रहेका हामी भोटेकोशी वासीमा आगामी दिनमा पुःन उठ्न र जुट्न सकिन्छ भन्ने विश्वासको साथ आगामी आ.व.२०७७/०७८ को बजेट तर्जुमा गरिएको छ ।यस बजेटले अबको गाउँपालिका कस्तो हुने परिकल्पना सहितको मार्गचित्र उल्लेख गरेको छ ।

सभाध्यक्ष महोदय,

कोभिड-१९ को संक्रमणका कारण समग्र आर्थिक परिसूचकहरु संकुचित भएका छन् ।गाउँपालिका भित्रका होटल व्यवसाय, निर्माण उद्योग, पर्यटन उद्योग र व्यापारमा ठूलो ह्रास आएको छ । यसर्थ यस बजेटले आर्थिक परिसूचकहरुलाई पुनर्उत्थान गर्दै भोटेकोशी वासीको दैनिक जीवनमा सृजित दुःख र कठिनाईलाई केही हदसम्म भए पनि दुर गरी ग्रामीण क्षेत्रमा रोजगारी सृजना हुने विश्वास मैले लिएको छु ।

आगामी दिनमा कोभिड-१९ ले निम्त्याउने परिस्थितिको बारेमा विश्व समुदायनै बेखबर छ । यस घडीमा सम्पूर्ण भोटेकोशी वासीहरुलाई आगामी दिनमा विकास प्रति गम्भीर भएर लागि पर्न र सामाजिक दुरी कायम गरी विगतको हात मिलाउने र अंकमाल गर्ने व्यवहारलाई नमस्कारमा परिणत गरी र विश्वले लडिरहिको अदृश्य दुश्मन सँग लड्न म सबैसँग आग्रह गर्न चाहान्छु ।

दशकौ लामो बलिदान र संघर्ष पश्चात प्राप्त भएको राजनैतिक उपलब्धीको जगमा रहेर आज म भोटेकोशी गाउँपालिकाको चौथो बजेट प्रस्तुत गर्न गइरहेको छु ।विकासको चरम सदुपयोग गरिरहेको हाम्रो छिमेकी राष्ट्र चीनको सीमासँग जोडिएकोले पनि यस गाउँपालिकाको सामाजिक एवं ऐतिहासिक महत्व रहेको छ ।यस गाउँपालिका भित्र रहेका लिस्ती मन्दिर, नारायण थान, बन्जीजम्म, दुगुनागढी, भैरवकुण्ड ताल, तातोपानी धारा तथा तातोपानी सुख्खा बन्दरगाहा लयागतका अन्य महत्वका स्थानहरुले यस गाउँपालिकाको छुट्टै महत्व दिलाएका छन । साथै यस गाउँपालिकाको अधिकांश क्षेत्र पशुपालनका लागि योग्य रहेको छ । कृषि, व्यापार, जलविद्युत र जडिवुटी व्यवसायको पनि यस गाउँपालिकाले प्रचुर सम्भावना बोकेको छ ।

यस गाउपालिकामा विशेष गरी हिन्दु, वौद्ध र क्रिश्चियन धर्मावालम्वीहरुको बसोबास रहेको छ । सबै धर्मको उपस्थिति धार्मिक सहिष्णुताको अनुपम उदाहरण हो । यहाँका नागरिकहरुले कृषि, पशुपालन र व्यापारलाई मुख्य पेशाको रुपमा ऐतिहासिक कालबाटै अँगाल्दै आएका छन् । काठमाडौं उपत्यकावाट नजिक रहेको भएतापनि आर्थिक सामाजिक विकासमा खासै उल्लेखनीय प्रगति हुन नसकेकोले हामी जनप्रतिनिधिहरुलाई यस क्षेत्रको विकासको जिम्मेवारी प्राप्त हुनु अवसरको विषय र भावी सन्ततिको लागि मार्गदर्शन हुने आशा लिएका छौ ।

भोटेकोशी गाउँपालिकालाई कोभिड-१९ को संक्रमणका बावजुत विकास निर्माणका कार्यलाई गति दिदै एक संमृद्ध गाउँपालिकाको रुपमा स्थापना गर्ने चुनौति समग्र जनप्रतिनिधिको काँधमा आई परेको छ । यहाँ रहेका विविध चुनौतीहरुलाई अवसरको रुपमा परिणत गर्दै विकासलाई तिव्रता दिने रोड म्यापको रुपमा आगामी आर्थिक बर्ष २०७७/०७८ को बजेट कोशेढुङ्गा हुने विश्वास मैले लिएको छु ।

## १.२ गाउँपालिकाको समग्र विश्लेशण

### १.२.१ गाउँपालिकाको सवल पक्ष

- प्रचुर प्राकृतिक सम्पदा र धरोहरको उपयोगको लागि जन प्रतिनिधिहरु आ-आफ्नो कार्यक्षेत्रमा अहोरात्र खटिएको अवस्था विद्यमान छ ।
- जुजारु र उद्यमी युवा जन प्रतिनिधिहरुको विकास प्रतिको लगाब ।
- जलविद्युत, पर्यटन तथा व्यापार र बाणिज्य क्षेत्रको परिचालन गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्न सक्ने आधार स्तम्भको रुपमा गाउँपालिका रहेको छ ।
- यस क्षेत्रमा बसोबास रहेका शेर्पा, तामाङ लगायत अन्य जातिहरुको भेषभूषा र संस्कृतिक पहिचान सहितको होमस्टे सेवाको सञ्चालन गरी आय आर्जन गर्ने अवसर रहेको छ ।
- उच्च पहाडी क्षेत्रमा रहेको पशुपालन र फलफुल खेती लाई व्यवसायिकीकरण गरी जनताको जीवनस्तर सुदृढ पार्न सकिने देखिन्छ ।

- बन्जीजम्प, भैरब कुण्ड, लिस्ती माई, नारायणथान लगाएतको क्षेत्रहरुको प्रचार प्रसार गरी पर्यटन क्षेत्रको प्रवर्द्धन हुने सम्भावना छ ।

१.२.२ गाउँपालिकाको कमजोर पक्ष

- प्रर्याप्त जनशक्तिको व्यवस्थापन गरी सेवा प्रवाहलाई प्रविधीमैत्री बनाउन नसकिएको कारण संक्रामक रोगको अवस्थामा सेवा प्रदान पुरानै पद्धतिबाट गर्नु पर्ने अवस्था विद्यमान छ ।
- संघीयताको मर्म अनुरुप कार्यशैली अवलम्वन गर्न जनप्रतिनिधि र कर्मचारी अभ्यस्त नहुँदा संविधान प्रदत्व अधिकार जनतालाई महसुस गराउन कठिन रहेको छ ।
- कर दस्तुर संकलन तथा परिचालनमा जनप्रतिनिधि तथा नागरिक बुझाईमा दरार रहेकोले आन्तरिक आयको प्रचुर मात्रामा परिचालन हुन नसकेको विद्यमान अवस्था छ ।
- विकास हामी मार्फत हाम्रै लागि हो भन्ने आम जनमानसमा बुझाई नरहेकोले विकास निर्माणका क्रियाकलापहरुलाई अपेक्षित नतिजाउन्मूख बनाउन सकिएको छैन ।
- कोभिड-१९ को कारण गाउँ फर्किएका युवाहरुलाई दिर्घकालीन नीतिको अभावका कारण उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न नसकिएको अवस्था विद्यमान छ ।

१.२.३ गाउँपालिकाको लागि प्राप्त अवसरहरु

- यस गाउँपालिकामा रहेको युवा जनशक्तिलाई परिचालन गरी विकासलाई नयाँ ढङ्गबाट सञ्चालन गर्न सकिने सम्भावना रहेको छ ।
- छिमेकी मित्रराष्ट्रको न्यालम काउन्टी सँग भगिनी सम्बन्ध स्थापना गरी यस क्षेत्रको विकासका लागि आवश्यक सहयोग र समन्वय प्राप्त भई विकास प्रक्रियालाई समय सापेक्ष रुपान्तरण गर्न सकिने सम्भावना छ ।
- यस गाउँपालिकाको लिस्ती, दुगुना, तातोपानी लगायता क्षेत्रहरुमा सम्भाव्यका आधारमा स्याउ, टिमुर, ओखर लगातयका उत्पादनको बढोत्तरी गर्न सके छिमेकी राष्ट्र चीन तथा काठमाण्डौमा बजार प्राप्त भई यहाँका नागरिक हरुको जीवन स्तर बृद्धि गर्न सकिने सम्भावना रहेको छ ।
- तातोपानी कोदारी नाका पुनः सञ्चालनमा आईसकेको हुनाले स्थानीय जनतामा रोजगारीको पर्याप्त अवसर उपलब्ध हुन सक्ने र स्वयं रोजगारी सृजना हुने अवसर समेत रहेको हुनाले गरिवी न्युनिकरणमा उल्लेख्य योगदान गर्न सकिने सम्भावना रहेको देखिन्छ ।
- शेर्पा, तामाङ, नेवार, व्राह्मण, क्षेत्री, दलित एवम् लोपोन्मुख जात जातिहरु रहेको यस क्षेत्रलाइ सांस्कृतिक धरोहरको रुपमा विकास गर्न सकिने अवस्था रहेको छ ।

- प्रधानमन्त्री रोजगार र अध्यक्ष रोजगार कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न सकेमा गरिबी न्यूनिकरण तथा दिगो विकासलाई सँग सँगै अगाडि बढाउन सकिने सम्भावना छ ।
- निर्यात मूलक वस्तुहरु जस्तै जडिबुटी, घिउ, छुर्पी, फलफुलहरुको उत्पादन बढाउन सके भोटेकोशी गाउँपालिकाको पहिचानलाई अभिवृद्धि गर्न सकिने देखिन्छ ।

१.२.४ गाउँपालिकाको लागि रहेका चूनौतीहरु

- छरिएको वस्तीलाई एकीकृत गरी विकासलाई नागरिकले अनुभुत गर्न सक्ने तुल्यानु चुनौतीपूर्ण रहेको छ ।
- गाउँपालिकाबाट विनियोजित भएका योजनाहरुमा वास्तविक रुपमानै लागत सहभागिता जुटाई निर्माण कार्यालाई गति दिनु चुनौतीपूर्ण छ ।
- नागरिकमा रहेको फरक फरक विकास प्रतिको धारणालाई समायोजित गरी एकीकृत विकासको नयाँ अवधारणा तय गर्नु चुनौतीपूर्ण छ ।
- आन्तरीक राजस्व बढोत्तरी गर्न नागरिकलाई तन, मन र बचनले प्रतिबद्ध बनाउनु चुनौतीपूर्ण छ ।
- सीमी श्रोत र साधनका वावजुत जनताको उच्च आकांक्षालाई सामञ्जस्यता कायम गरी विकासलाई रुपान्तरण गर्ने चुनौती छ ।
- तातोपानी नाकाको पुःन सञ्चालनबाट समाजमा सृजना हुने सामाजिक विकृतिहरुलाई न्युनिकरण गर्नु चुनौतीपूर्ण छ ।
- भू-कम्पका कारण क्षतविक्षत भएका संरचनाहरुको दिगो रुपमा पुःन उत्थान गर्नु चुनौतीपूर्ण छ ।
- सामाजिक सहभाव र सक्रियताका साथ विकासलाई गति प्रदान गरी समृद्ध भोटेकोशी गाउँपालिका निर्माण गर्ने कार्य चुनौती पूर्ण छ ।

१.३ गाउँपालिकाको योजना छनौट तथा प्राथमिकिकरणका आधारहरु

- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने कार्यक्रमहरु ।
- उत्पादनमूलक र छिटो प्रतिफल दिने कार्यक्रमहरु
- राजश्व परिचालनमा योगदान पुऱ्याउने कार्यक्रमहरु ।
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने कार्यक्रमहरु ।
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने कार्यक्रमहरु ।
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने कार्यक्रमहरु ।
- दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने कार्यक्रमहरु ।

- समुदायलाई विपद तथा जलवायु परिवर्तनसँग आत्मसाथ गर्न सफल बनाउने कार्यक्रमहरु
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने कार्यक्रमहरु
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु ।

१.४. गत आर्थिक वर्ष २०७६/०७७ को समीक्षा

अध्यक्ष महोदय,

विकास नागरिक जीवनमा सार्थक परिवर्तन ल्याउने नयाँ नयाँ अनुभुति र अनुभवको संगम हो । मानवीय जीवनको रुपान्तरणका लागि गाउँपालिकाले चालेका आर्थिक, सामाजिक, सांस्कृतिक, प्राविधिक र राजनैतिक परिवर्तनका सोपानमा विश्वव्यापी माहामारीको रुपमा फैलिरहेको कोभिड-१९ ले विकाको गतिमा ब्रेक लागएको छ । यद्यपी कोभिड-१९ बाट बच्ने उपायहरुको अवलम्वन गर्दै कर्मचारी र जनप्रतिनिधिको अथक प्रयासका वावजुत केही उपलब्धीका आधारहरु तयार भएका छन् जुन भविष्यको लागि अनुकम्प उदाहरणीय नमुनाको रुपमा रहनेछन ।

- समृद्ध नेपाल सुखी नेपालीको सरकारको चाहानालाई उर्जा प्रदान गर्ने विविध आयामहरु मध्ये स्वास्थ्य क्षेत्रको विकास तथा विस्तारमा गाउँपालिकाले उल्लेख्य आधारहरु तयार गरेको छ । जस अन्तरगत लालविर सामुदायिक स्वास्थ्य ईकाइ, सुमित्रा सामुदायिक स्वास्थ्य चौकी को निर्माण अन्तिम चरणमा रहेको छ भने बोक्चेन सामुदायिक स्वास्थ्य ईकाइ निर्माणाधीन रहेको छ ।
- विकासको मेरुदण्डको रुपमा रहेको सडक पुर्वाधार अन्तरगत गाउँपालिकाको अध्यक्ष राजकुमार पौडेलको ड्रीम प्रोजेक्टको रुपमा रहेको बगाम-भैरवकुण्ड सडक अन्तरगतको बगाम चोकरमोकर सडकको ट्र्याक खोल्ने कार्य यस आ.व. मा सम्पन्न भएको छ ।जसले गर्दा भोटेकोशी गाउँपालिकाको लागि आन्तरिक र बाह्य पर्यटकीय विकासमा एउटा ईटा थप गरेको छ ।
- गाउँपालिका र वडा कार्यालयबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थित गर्न यस आ.व मा जिल्ला समन्वय समिति र गाउँपालिकाको साझेदारीमा निर्माण थालिएको वडा नं ३ र वडा नं ५ को वडा कार्यालय भवन निर्माणको अन्तिम चरणमा रहेका छन । त्यसै गरी भोटकोशी पावर कम्पनी लिमिटेडको आर्थिक सहयोगमा निर्माणाधीन रहेको वडा नं २ को वडा कार्यालय भवन पनि निर्माणको अन्तिम चरणमा रहेको छ ।जिल्ला समन्वय समिति र गाउँपालिकाकै साझेदारीमा निर्माणाधीन गाउँपालिकाको प्रशासकीय भवन आगामी आर्थिक बर्षमा सम्पन्न हुने अवस्थामा रहेको छ ।
- गाउँपालिका भित्र रहेका सडक सञ्जालहरुको उल्लेखनीय रुपमा स्तरोन्नति गर्ने कार्य यस आ.व. २०७६/०७७ सम्पन्न भएको छ ।

- गाउँपालिकाको वृहत्तर शैक्षिक सुधारको लागि मन्टेश्वरी प्रणाली अनुरुप शैक्षणिक कार्यक्रम झिर्पु मा.वि र कोदारी मा.वि बाट सुरुवात गरिएको छ ।यस कार्यक्रमले गुणस्तरीय शिक्षा प्राप्त गर्ने सबै नागरिकको संवैधानिक अधिकारलाई ग्यारेन्टी गर्ने आधार तयार गरेको छ ।
- नेपाल सरकार र भोटेकोशी गाउँपालिकाको समपुरक अनुदान तथा विषेश र प्रदेश सरकार पूर्वाधार विकास कार्यक्रम अन्तरगत माननीय श्री अरुण नेपालको सांसद विकास कोष अन्तरगतको अनुदानमा सञ्चालित काङ्लाङ सामुदायिक स्वास्थ्य ईकाइ भवन निर्माणाधीन रहेको छ ।त्यसै गरी सेती देवी आ.वि खेलमैदान र घेराबार निर्माण र पञ्चकन्या आ.वि घेराबार निर्माणको कार्य अन्तिम चरणमा रहेको छ ।
- दाल-चामल-नुन-तेलको अल्पकालीन राहत भन्दा दिर्घकालीन राहत स्वरुप संघीय सरकार र भोटेकोशी गाउँपालिकाको समपुरक कोष अन्तरगतको ड्राईपोर्ट दुगुना पर्यटकीय पदमार्ग निर्माण कार्य अन्तिम चरणमा रहेको छ । उक्त कार्य यसै आर्थिक वर्षमानै सम्पन्न हुनेछ ।
- स्थानी पूर्वाधार साझेदारी विकास कार्यक्रम अन्तरगतको सम्मानीय सभामुख अग्नी प्रसाद सापकोटा ज्यूको सांसद विकास कोष अन्तरगतको नारायणथान गाउँमा पर्यटकीय गोरेटो बाटो निर्माण र दुगुना गोरेटोबाटो निर्माण कार्य सम्पन्न भएको छ ।त्यसै गरी प्रदेश पूर्वाधार विकास कार्यक्रम अन्तरगत माननीय श्री अरुण प्रसाद नेपाल ज्यूको सांसद विकास कोष अन्तरगतको थाङछिङ गुम्बा निर्माण र मार्मिङ नाग ढुङ्गा पदमार्ग निर्माणको कार्य सम्पन्न भएको छ ।
- ३५ जना महिलाहरुको लागि ७ दिने पत्रकारिता तालिम, ३५ जना महिलाहरुको लागि ३ दिने घरेलु हिंसा सम्बन्धी तालिम, ५० जना बालवालिकाको लागि चित्रकला तालिम र सामाजिक मेलमिलाप कर्ताहरुको अभिमुखीकरण कार्यक्रम र अनलाई व्यक्तिगत घटना दर्ता सम्बन्धी वडा सचिवहरु सहितका सरकारवालाहरुको १ दिने तालीम कार्यक्रम सञ्चालन गरिएको छ । जसले महिला तथा बालवालिकाको क्षमता अभिवृद्धि भई मानवीय पूजि निर्माणमा सहयोग पुगेको छ ।
- आ.व. २०७६/०७७ मा कीवी, ओखर, स्याउ, टिमुर लगायतका ७५ प्रतिशत अनुदानमा आधारित बिरुवा वितरण कार्यक्रम सम्पन्न भएको छ । त्यसै गरी अगुवा कृषकहरुलाई तालिम प्रदान गरी कृषि क्षेत्रको व्यवसायीकरण गर्ने कार्यको थालनी भएको छ ।कृषि क्षेत्रको विकासको लागि प्लाष्टिक टनेल वितरण र थोपा सिचाई प्रणाली विकास तथा माछाको भुरा वितरण कार्यक्रम सफलातपूर्वक रुपमा सम्पन्न भएका छन ।

- पशुसेवा अन्तरगत चौरी तथा याक वितरण कार्यक्रम, बोयर बोका वितरण कार्यक्रम, बाख्रा खोर सुधार कार्यक्रम, घाँसको विरुवा वितरण कार्यक्रम, भिटामीन तथा औषधी वितरण कार्यक्रम प्रभावकारी रुपमा सम्पन्न भएका छन ।
- कुपोषणलाई शून्यमा झार्ने लक्षसहित अण्डा र घ्यू वितरण कार्यक्रम, भिटामीन ए वितरण कार्यक्रम, गर्भवती सम्मान कार्यक्रम तथा अन्य स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सफलापूर्वक सम्पन्न भएका छन् ।
- वडा स्तरीय पूर्वाधार विकास कार्यक्रम अन्तरगका सम्पूर्ण कार्यक्रमहरु सम्पन्न भएका छन् ।

## २. <u>आगामी आ.व. २०७७/०७८ को नीति, कार्यक्रम तथा बजेट</u>

<u>सोच</u>

- कोभिड-१९ को संक्रमणलाई न्यूनिकरण गर्दै विकास निर्माणका क्रियाकलापमा बढोत्तरी गर्ने तथा यस क्षेत्रमा रहेका जल, जंगल, जमीन र खानीको पुर्ण उपयोग गरी समृद्द भोटेकोशी निर्माण गर्ने आधार तयार पार्ने।

<u>लक्ष्य</u>

- उपलब्ध प्राकृतिक श्रोत र साधनको उच्चतम उपयोग गरी उद्योगको विकास, कृषि क्षेत्रको व्यवसायीकरण, बजारीकरण र बैज्ञानिकरण, पर्यटन र शिक्षा क्षेत्रको रुपान्तरण, यान्त्रीकरण मार्फत स्वरोजगारमूलक कार्यक्रमलाई बढोत्तरी गर्दै दिगो आर्थिक वृद्धि हासील गरी जीवनस्तरमा सुधार ल्याउने ।

<u>उद्देश्य</u>

- आर्थिक तथा भौतिक पूर्वाधारको विकास मार्फत सम्मउन्नत र समृद्ध भोटेकोशी निर्माणको लागि विशेष पहल गर्ने ।
- कृषि क्षेत्रको आधुनिकीकरण र व्यसायीकरण गरी गरीवी न्यूनिकरणको लागि विशेष पहल गर्ने ।
- गुणस्तरीय र सर्भसुभ स्वास्थ्य सेवाको लागि स्वास्थ्य पूर्वाधार निर्माण र जनशक्तिको व्यवस्थापनमा विशेष पहल गर्ने ।
- अधुरा योजनाहरु सम्पन्न गरी नागरिकलाई वास्तविक विकासको प्रत्याभूति प्रदान गर्ने ।
- कोभिड-१९ का कारण ह्रास भएको विकास निर्माण तथा उत्पादनलाई पुनर्स्थापना गर्दै कृषि, उद्योग, पर्यटन र निर्माण लगायतका व्यवसायलाई गति प्रदान गर्ने ।

## ४ अपेक्षित उपलब्धी र विनियोजित वजेट

आर्थिक विकास

- कृषि उत्पादन वृद्धि गर्ने उद्धेश्य स्वरुप स्याउ, ओखर, कागती,  किवी, टिमुर लगायतका कार्यक्रम सञ्चालन गर्नका लागि र विभिन्न तरकारी र आलु खेतीलाई

प्रोत्साहन गर्नका लागि आवश्यक मात्रामा रकम विनियोजन गरिएको छ । पशुपालन जस्तै चौरी, याक, डेमो, उन्नत जातको बाख्रा प्रवर्द्धन गरी सबै भोटेकोशी बासीलाई पशुपालन तथा कृषिमा आत्म निर्भर बनाउने योजनालाई आगामी आर्थिक वर्षमा गाउपालिकाले पहिलो प्राथमिकतामा राखेको छ ।

- पर्यटन प्रवर्द्धन मार्फत भोटेकोशीको पहिचानलाई नेपाल तथा विदेशमा समेत परिचित गराउन र पर्यटन प्रवर्द्धन कार्यक्रमहरुको सञ्चालन गरी जनताको जीवनस्तर वृद्धि गर्न रु ५ लाख रुपैया विनियोजन गरिएको छ ।
- समृद्ध नेपाल सुखी नेपाली भन्ने परिकल्पनाई साकार पार्न सुरु भएको प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सघाउ पुग्ने गरी नागरिकको घर दैलोमा स्थानीय सरकारको उपस्थिति गराउन आ.व २०७६/०७७ बाट सुरु गरिएको अध्यक्ष रोजगार कार्यक्रमकलाई आगामी आ.व २०७७/०७८ मा पनि निरन्तरता दिएको छ । जसका लागि प्रत्येक वडामा दुई वटा योजना रहनु पर्ने मान्यता लाई शिरोधार्य गरी जम्मा रु ५० लाख रकम विनियोजन गरिएको छ ।
- **समग्र आर्थिक विकासका माध्यमबाट मानवीय विकासलाई अग्रगति प्रदान गर्न गाउँपालिकाका ५ वटै वडाको लागि २ करोड ५ लाख रुपैया विनियोजन गरिएको छ ।**

सामाजिक विकास तर्फ

- मानवीय विकास विना अन्य क्षेत्रको विकास अधुरो रहने विषयलाई मध्यनजर गर्दै महिला, जनजाति, आदिवासी, बालबालिका, सिमान्तकृत नागरिक, अल्पसंख्यक र जेष्ठ नागरिकको आयआर्जन तथा विकासलाई परिलक्षित गरी आगामी आर्थिक वर्षको लागि रु ८० लाख रकम विनियोजन गरिएको छ ।
- शिक्षित समाज सभ्य नागरिक भन्ने विषयलाई हृदयंगम गरी गाउँपालिकाको बृहत्तर शैक्षिक विकासको लागि आगामी आर्थिक बर्षमा रु १ करोड ५० लाख रुपैया बजेट खर्च गरिनेछ ।
- आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्नु प्रत्येक नागरिकको नैसर्गिक अधिकार भएकाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिदै यस क्षेत्रको वृहत्तर विकास तथा सुधारको निम्ति तथा कोभिड-१९ को संक्रमणको व्यवस्थापन को लागि रु ३ करोड ६ लाख १० हजार ८ सय रुपैया विनियोजन गरिएको छ ।
- खानेपानी समस्या परेको समुदायलाई लक्षित गरी एक घर एक धारा स्वच्छ खानेपानीको व्यवस्था गर्न गाउँपालिकाको सोच बमोजिम बागमती प्रदेश सरकार विशेष अनुदान बाट प्राप्त हुने रु ३५ लाख रुपैयाको लागतमा हिन्दी खानेपानी आयोजना (झिर्पु) आगामी आर्थिक वर्ष २०७७/०७८ मा निर्माण सम्पन्न हुनेछ ।

- भोटेकोशी गाउपालिकाको शिक्षा, स्वास्थ्य तथा लक्षित वर्गको लागि **आगामी आर्थिक वर्षमा सामाजिक विकास तर्फ रु ६ करोड १ लाख १० हजार ८ सय रुपैया रकम खर्च हुने अनुमान गरिएको छ ।**

**पूर्वाधार विकासतर्फ**

- 'विकास पूर्वाधार समृद्धिको आधार' भएकोले सबै गाउँपालिकालाका सार्वजनिक सडकमा सोलार स्ट्रीट लाइट को लागि आ.व. २०७६।०७७ बाट सुरु गरिएको कार्यक्रमलाई निरन्तरता दिदै आगामी आ.व २०७७।०७८ मा सोही कार्यक्रमको लागि रु ४० लाख रुपैया विनियोजन गरिएको छ ।
- आर्थिक बर्ष २०७६/०७७ मा निर्माण सुरु गरिएको गाउँपालिकाको प्रशासकीय भवन आगामी आर्थिक बर्षमा निर्माण सम्पन्न गर्न रु २ करोड ५० लाख रकम विनियोजन गरिएको छ ।
- आगामी आर्थिक बर्षमा बागमती प्रदेश सरकार समपुरक कोष अन्तरगत निर्माण हुने हिन्दी नारयण थान सडक स्तरोन्नति र दुगुना टासीथाङ सडक ट्र्याक निर्माणको लागि प्रदेश सरकारबाट (प्रत्येक योजनाको लागि रु १/१ करोड) रु २ करोड र गाउँपालिका बाट (प्रत्येक योजनाको लागि रु १/१ करोड) रु २ करोड गरी जम्मा रु ४ करोड बजेट विनियोजन गरिएको छ ।
- संघीय सरकार बाट प्राप्त हुने समपुरक अनुदान र गाउँपालिकाको समपुरक कोष बाट खर्च हुने गरी (५०/५०%) चाकु मार्मिङ सडक स्तरोन्नतिको लागि रु १ करोड, कभर्ड हल निर्माणको लागि १ करोड, चौकी डाडा-शेर्पा गुम्बा-तामाङ गुम्बा पर्यटकीय पमार्ग निर्माणको लागि ५० लाख रुपैया र दशकिलो बोक्चेन सडक स्तरोन्नतिको लागि रु ५० लाख रुपैया बजेट विनियोजन गरिएको छ। उक्त कार्यक्रमको लागि गाउँपालिकाबाट रु १ करोड ५० लाख र संघीय सरकारबाट रु १ करोड ५० लाख गरी जम्मा रु ३ करोड रुपैया खर्च हुने अनुमान गरिएको छ ।
- यस आ.व २०७६।०७७ मा सम्पन्न भएको भोटेकोशी गाउँपालिकाको महत्वपूर्ण पर्यटकीय स्थान भैरव कुण्ड जोड्ने बगाम चोकरमोकर सडकको स्तरोन्नतिको लागि रु ५० लाख रकम विनियोजन गरिएको छ ।त्यसै गरी ऐतिहासिक महत्व रहेको तातोपानी धारामा भगवान शिवको मुर्ती निर्माण गर्न रु ५० लाख रकम विनियोजन गरिएको छ ।
- पूर्वाधार निर्माण तथा स्तरोन्ती कार्यको लागि सबै वडाहरुलाई समेट्ने गरी आगामी आर्थिक वर्षको लागि अध्यक्ष कोषमा पर्याप्त रकम विनियोजन गरिएको छ ।उक्त रकम गाउँ कार्यापालिकाको कार्यालयको निर्णय बमोजिम खर्च गरिनेछ ।
- भोटेकोशी गाउँपालिकाको ५ वटै वडाहरुलाई जनसंख्या, भुगोल, मानव विकास सूचकाङ्क, विकासको अवस्था तथा राजस्व परिचालनको अवस्थालाई मध्यनजर

गरी समानुपातिक विकास गर्न रु ४ करोड २० लाख रकम विनियोजन गरिएको छ ।

- **पूर्वाधार विकास तर्फ आगमी आर्थिक बर्षमा रु १२ करोड २ लाख ६८ हजार ८७० रुपैया खर्च हुने अनुमान गरिएको छ ।**
- आर्थिक, सामाजिक तथा पूर्वाधार तर्फका सम्पूर्ण वडा स्तरीय योजना तथा कार्यक्रम र गाउँपालिका स्तरीय योजना तथा कार्यक्रमहरु अनुसूचीमा उल्लेख भए वमोजिम रहेका छन जुन गाउँवासी माझ पुस्तकको रुपमा उपलब्ध गराईनेछ ।

वातावरण तथा विपद व्यवस्थापन

- बनजंगल संरक्षण गर्दै जडिबुटी उत्पादन एवं बजारीकरण गर्न आगामी आर्थिक बर्षको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
- समुदायमा आधारित विपद व्यवस्थापन तथा पूर्व तयारी योजना, ज्ञान तथा सीप विकास गर्नका लागि विपद व्यवस्थापन कोष, आकस्मिक कोषको स्थापना गरी आवश्यक रकम विनियोजन गरिएको छ । विपद व्यवस्थापन कोषको लागि रु २५ लाख बजेट विनियोजन गरिएको छ ।
- जैविक प्रविधी मार्फत बाढी पहिरो तथा भूक्षयको न्यूनीकरणका लागि छिटो बढ्ने बाँस लगायत पहिरो नियन्त्रणलाई सघाउ पुग्ने विरुवा रोपण कार्यलाई प्राथमिकताका साथ आगामी आर्थिक बर्षमा थालनी गरिने छ । जसका लागि पर्याप्त बजेटको विनियोजन गरिएको छ ।
- विपद पूर्वको तयारी स्वरुप तथा विपत पश्चातको लागि स्थानीय सरकारको प्रभावकारीता बढाउने उद्देश्य अनुरुप विपद्को तयारीका लागि अत्यावश्यक सामाग्री खरीद गर्नको लागि रु २० लाख रकम विनियोजन गरिएको छ ।
- **आगामी आर्थिक बर्षको लागि वातवरण तथा विपद व्यवस्थापन तर्फ ४५ लाख रुपैया बजेट विनियोजन गरिएको छ ।**

संस्थागत विकास तथा सेवा प्रवाह तथा सुशासन तर्फ

- आ.व २०७६।०७७ बाट सुरु गरिएको सूचना र प्रविधिको विस्तार मार्फत सेवा प्रवाहलाई व्यस्थित गर्ने तथा सबै वडा कार्यालय तथा स्वास्थ्य संस्थामा ईन्टरनेट सेवाको विस्तार गर्ने कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ । जसका लागि आगामी आर्थिक बर्षमा आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- कोभिड-१९ जस्तै आगामी दिनमा फैलन सक्ने संक्रामक रोगको अवस्थालाई मध्यनजर गर्दै संक्रामक रोग Responsive (Software System Planning) योजना कार्यान्वयन प्रक्रियाको थालनी गरिनेछ । जसका लागि रु ५ लाख बजेट विनियोजन गरिएको छ ।

- सेवा प्रवाहलाई व्यवस्थित गर्दै संस्थागत मेमोरीको सबलीकरण गर्न आगामी आर्थिक बर्षबाट Software System बाट दर्ता चलानी तथा सिफारिस कार्यको थालनी गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्य बैकिङ प्रणाली मार्फत यस आ.व मा सुरु गरिएको कार्यलाई व्यवस्थित गर्न कर्मचारीहरुलाई आवश्यकतानुरुपको तालीम प्रदान गरिने छ ।
- विगत आ.व हरुबाटै सुरु गरिएको ३०% प्रोत्साहन खर्च कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिएको छ ।
- न्यायिक सम्पादन कार्यालाई व्यवस्थित गर्न न्यायिक समितिका सदस्य तथा मेलमिलाप कर्ताहरुको क्षमता अभिवृद्धि गर्न २५ लाख रुपैया बजेटको व्यवस्था गरिएको छ ।
- आर्थिक अनुसाशन र पारदर्शीतालाई मध्यनजर गरी सबै योजना तथा कार्यक्रमहरुको काम पूर्वको अनुगमन तथा कार्य सम्पन्न पश्चातको अनुगमनलाई तिब्रता दिदै भुक्तानि प्रक्रियालाई व्यवस्थित गरिनेछ ।
- योजना निर्माणको क्रममा प्रयोग हुने निर्माण सामग्री खरीदको गुणस्तरीयता परीक्षण गर्ने कार्यको थालनी गर्न आवश्यक व्यवस्था मिलाईने छ । जसको लागि प्राविधक कर्मचारीको क्षमता अविवृद्धि गर्ने कार्यको थालनी गरिने छ ।
- लेखा परीक्षण कार्यलाई व्यवस्थित गरिनुका साथै बेरुजु फर्छौट कार्यलाई अझ व्यवस्थित गरिदै लगिनेछ ।
- भएकोले पूर्वाधार विकासको मार्गचित्र तय गर्न गाउँपालिकाको डिजिटल प्रोफाईल निर्माण, आवधिक योजना निर्माण र भैरव कुण्ड पार्क, गुरु पद्म सम्भव पार्क लगायतको विस्तृत योजना प्रतिवेदन (DPR) तयारीको लागि आगामी बर्ष रु ४८ लाख ५० हजार रुपैया खर्च गरिने छ ।
- **समग्रमा संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन तर्फ रु १ करोड ३ लाख ५० हजार रकम विनियोजन गरिएको छ ।**

सभाध्यक्ष महोदय,

- अव म आगामी आर्थिक वर्ष २०७७/०७८ को लागि माथि प्रस्तुत गरिएको नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहान्छु ।
- भोटेकोशी गाउपालिकाको आगामी आर्थिक वर्ष २०७७/०७८ को नीती तथा कार्यक्रम कार्यान्वयन गर्न **चालु तर्फ रु ५ करोड ८१ लाख ६० हजार रुपैया, पुँजिगत तर्फ १५ करोड ८७ लाख ६८ हजार ८७० रुपैया, आर्थिक विकास तर्फ २ करोड ५ लाख रुपैया, सामाजिक विकास तर्फ ६ करोड १ लाख १० हजार ८ सय रुपैया, वातावरण तथा विपद् व्यवस्थापन तर्फ ४५ लाख रुपैया, संस्थागत**

**विकास, सेवा प्रवाह तथा सुशासन तर्फ १ करोड ३ लाख ५० हजार रुपैया,** सशर्त अनुदान तर्फ रु १३ करोड ३७ लाख ५९ हजार रुपैया खर्च, सडक वोर्ड नेपाल तर्फ ६ लाख रुपैया र प्रदेश तथा स्थानीय सरकार सहयोगी कार्यक्रम (पी.एल.जी.एस.पी) तर्फ ३ लाख ५२ हजार रुपैया खर्च हुने अनुमान गरिएको छ ।उक्त कार्यको लागि ४४ करोड ७१ लाख ६ सय ७० रुपैया भोटेकोशी गाउपालिकाको संचित कोषवाट खर्च गर्ने गरि विनियोजन गरिएको छ ।

- त्यसैगरी, आगामी आर्थिक वर्षका लागि खर्च व्यहोर्ने स्रोतहरुमा संघीय सरकार सर्शत अनुदान बाट ११ करोड ७८ लाख रुपैंया, वित्तिय समानिकरण अनुदान बाट १० करोड ७६ लाख रुपैंया र राजस्व बाडँफाडबाट ६ करोड ९२ लाख ४१ हजार १ सय ७० रुपैंया प्राप्त हुनेछ । त्यस्तै बागमती प्रदेश सरकार शसर्त अनुदानबाट १ करोड ५९ लाख ५९ हजार रुपैया, वित्तिय समानिकरण अनुदान बाट ९९ लाख ८५ हजार रुपैंया, राजस्व बाडँफाड (सवारी साधन कर) बाट १ करोड ६२ लाख १७ हजार रुपैंया प्राप्त हुनेछ ।
- आर्थिक वर्ष ०७७/०७८ का लागि संघीय सरकारको समपुरक अनुदानबाट १ करोड ५० लाख रुपैया, बागमती प्रदेश सरकार समपुरक अनुदानबाट २ करोड रुपैया र बागमती सरकार विशेष अनुदानबाट ३५ लाख रुपैया प्राप्त हुने अनुमान गरिएको छ ।
- यसै गरी माथि उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वयनको लागि सडक बोर्ड नेपाल बाट ६ लाख र प्रदेश तथा स्थानीय सरकार सहयोगी कार्यक्रम (पी.एल.जी.एस.पी) बाट ३ लाख ५२ हजार, भोटेकोशी गाउँपालिकाको आन्तरिक श्रोतबाट १ करोड ४८ लाख ३३ हजार रुपैंया र गत वर्षको गाउँपालिकाको बैंक मौज्दात बाट ५ करोड ६० लाख १२ हजार ६ सय रुपैया प्राप्त हुनेछ ।यसर्थ आगामी आर्थिक वर्ष २०७७।०७८ मा कुल जम्मा ४४ करोड ७१ लाख ६ सय ७० रुपैंया गाउँपालिकाको सञ्चित कोषमा प्राप्त हुने अनुमान गरिएको छ ।
- अन्त्यमा यस गाउपालिकाको वार्षिक वजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण जनप्रतिनिधिज्युहरु, भोटेकोशी कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पुर्ण कर्मचारीज्यूहरु तथा यो कार्यक्रम तयार गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सघाउ पुऱ्याउनुहुने सवैमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

## धन्यवाद

**दाबुटी शेर्पा (लामा)**
**उपाध्यक्ष**